**मधेश विश्वविद्यालय**

**बि. पि. ए. एम. तहको**

# प्रवेश परीक्षा सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना :**

मुलूकमा संघीय संरचना पश्चात् उच्च शिक्षालाई प्रादेशिक स्तरसम्म पुर्याई कला, विज्ञान, चिकित्साशास्त्र, पर्यटन, आयुर्वेद, कानून, व्यवस्थापन, शिक्षा प्राच्यदर्शन, प्राविधिक, व्यवसायिक तथा अन्य विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणात्मक र स्तरयुक्त उच्च शिक्षाका तत्काल यस क्षेत्रमा कानून तथा जनप्रशासन संकायका आवश्यक्ता तथा अवसर जनतालाई सर्वसुलभ रुपमा उपलब्ध गराई राष्ट्रको सर्वाङ्गिण विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न विश्वविद्यालयको अवधारणा अनुरूप प्रतिस्पर्द्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै शैक्षिक तथा प्राज्ञिक वातावरणलाई अझ बढी स्वच्छ, मर्यादित र उपलब्धिमुलक बनाउन यस मधेश प्रदेशमा मधेश विश्वविद्यालयको स्थापना र संचालन गर्नको लागि २०७९ वैशाख १४ गते मधेश प्रदेशको सभाद्वारा मधेश विश्वविद्यालय ऐन, २०७९ जारी भई विधिवत् रुपमा मधेश प्रदेशको पर्सा जिल्ला वीरगंजमा केन्द्रीय कार्यालय रहने गरी यस विश्वविद्यालयको स्थापना भएको छ ।

काठमाण्डौ विश्वविध्यालयसंग भएको समझदारी र संझौता बमोजिम् काठमाण्डौ विश्वविध्यालयसंगको सहकार्यमा यस शैक्षिक सत्रदेखि वि.पि.ए.एम. (Bachelor of Public Administration and Management) तहको अध्ययन-अध्यापन शुरु गर्ने गरी कार्यक्रम तय गरेको हुदा उक्त तहको प्रवेश परीक्षालाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउनको लागि यो प्रवेश परीक्षा सम्बन्धी निर्देशिका, २०८० स्टिरिङ कमिटिको सिफारिसमा प्राज्ञिक परिषदको मिति .................. को निर्णय बमोजिम पारित भई लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको संक्षिप्त नाम “वि.पि.ए.एम. तहको प्रवेश परीक्षा सम्बन्धी निर्देशिका, २०८०” रहेकोछ।

(२) यो निर्देशिका शैक्षिक सत्र २०८०/८१ बाट लागू हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

**(क) 'अनलाइन परीक्षा'** भन्नाले विद्युतीय माध्यमको सहायताले इन्टरनेट जडित कम्प्युटर, ल्यापटप, मोबाइल वा अन्य सोही किसिमको यन्त्रको सहायताबाट भौतिक रूपमा विश्वविध्यालयले तोकेको परिसरमा उपस्थित नभई परीक्षार्थीलाई लिने परीक्षा सम्झनु पर्छ ।

**(ख) 'आवेदक'** भन्नाले प्रवेश परीक्षामा समावेश हुन निवेदन दिएको **'आवेदक'** सम्झनु पर्छ।

**(ग) 'डीन'** भन्नाले मधेश विश्वविध्यालयको **'डीन'** सम्झनु पर्छ।

**(घ) 'विश्वविद्यालय'** भन्नाले मधेश विश्वविद्यालय ऐन, २०७९ द्वारा स्थापित **मधेश विश्वविद्यालय** सम्झनु पर्छ।

**(ङ) 'निर्देशिका'** भन्नाले "वि.पि.ए.एम. तहको प्रवेश परीक्षा सम्बन्धी निर्देशिका, २०८०" सम्झनु पर्छ ।

**(च) 'प्रवेश परीक्षा'** भन्नाले विश्वविध्यालयको वि.पि.ए.एम. तहको **'प्रवेश परिक्षा'** सम्झनु पर्छ। यो परिक्षालाई अंग्रेजीमा MUMAT (Madhesh University Management Admission Test) भनिनेछ।

**(छ) 'प्रवेश परीक्षा समिति'** भन्नाले यो प्रयोजनका लागि विश्वविध्यालयको प्राज्ञिक परिषदले काठमाण्डौ विश्वविध्यालयका प्रतिनिधि समेत रहने गरी गठन गर्ने **'प्रवेश परीक्षा समिति'** सम्झनु पर्छ। यो समिति गठन नभएको अवस्थामा समितिको काम सार्वजनिक प्रशासन तर्फको विषय समितिले गर्नेछ।

**(ज) ' प्राज्ञिक परिषद'** भन्नाले विश्वविध्यालयको **'प्राज्ञिक परिषद'** सम्झनु पर्छ।

**(झ) 'शैक्षिक सत्र'** भन्नाले विक्रम सम्वतको श्रावण/भदौ महिनाबाट सुरु हुने वि.पि.ए.एम. तहको **'शैक्षिक सत्र'** सम्झनु पर्छ।

**(ञ) समिति** भन्नाले **'प्रवेश परीक्षा समिति'** सम्झनु पर्छ।

## परिच्छेद २

## प्रवेश परीक्षाको कार्यतालिका तथा सूचना

**(३) कार्यतालिका निर्धारण गर्नुपर्नेः** प्रत्येक शैक्षिक सत्र सुरु हुनु पूर्व परीक्षा समितिले निम्नानुसारको कार्यतालिका निर्धारण गर्नुपर्नेछः-

| क्र.सं. | कार्य | समयसीमा / विषयवस्तु |
|---|---|---|
| १. | प्रवेश परिक्षा पूर्व अभिमुखिकरण | साधारणतया प्रत्येक वर्ष वैशाख महिनाको सुरुबाट आवेदन दिन इच्छुक विद्यार्थीहरूलाई लक्षित गरी फारम भराई कानूनी शिक्षाको औचित्य, महत्व, आवश्यकता, तथा यस विषय अध्ययन गर्नु पछाडिको कार्य क्षेत्र यस विश्वविद्यालयको शिक्षण पद्धति तथा भर्ना प्रक्रिया सम्बन्धी जानकारी दिन प्रवेश परीक्षा पूर्व अभिमुखिकरण तथा विध्यार्थी परामर्श कार्यक्रम गरिने छ। |
| २. | भर्नाको लागि सूचना प्रकाशन | श्रावण महिनाबाट पहिलो चरणको भर्ना शुरु गर्ने प्रयोजनका लागि बढीमा ४५ दिन सम्मको समयसीमा निर्धारण गरी सूचना प्रकाशन गरिनेछ । |
| ३. | भर्नाका लागि फारम वितरण | भर्नाको लागि सूचना प्रकाशित भएकै दिनबाट रु १०००/- को आवेदन शुल्क लिई फारम वितरण गरिनेछ। आवेदन शुल्क विध्यार्थीले विश्वविध्यालयको बैंक खातामा जम्मा गर्ने व्यवस्था |

| | | |
|---|---|---|
| | | गरिनेछ । |
| ४. | प्रवेश परिक्षाको सञ्चालन, मूल्याङ्कन तथा नतिजा प्रकाशन | चरणबद्द रुपमा सञ्चालन हुने प्रवेश परिक्षाको सञ्चालन, मूल्याङ्कन र नतिजा प्रकाशनका लागि परिच्छेद ४ वमोजिम गरिनेछ । |

**४. सूचना प्रकाशित गर्नेः** प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनुपूर्व वि.ए.एस एल सि तहको भर्ना खुलाउनको लागि निम्न विवरणहरू स्पष्ट उल्लेख गरी यसको वेवसाइट, विश्वविद्यालयको सामाजिक सन्जालको पेज, सूचनापाटी तथा आवश्यकता अनुसार पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रकाशित गरिनेछः-

| विवरण | |
|---|---|
| शैक्षिक सत्र | विक्रम सम्वतको श्रावण भदौ महिनाबाट शुरु हुने |
| शैक्षिक कार्यक्रम/ उपाधि | वि.पि.ए.एम. (BPAM) |
| भर्ना हुने विद्यार्थीको संख्या | प्रति कक्षामा ४५ जनामा नबढ्ने गरी अधिकतम ९० जना। |
| भर्ना हुनको लागि चाहिने न्यूनतम योग्यता | अ) 'माध्यामिक तह ' (+ 2) वा सो सरहको अन्तिम परीक्षाको कुल प्राप्ताइको कम्तिमा ४० प्रतिशत अङ्क वा १.६ CGPA ल्याई उत्तीर्ण गरेको हुनुपर्ने।<br><br>आ) माथि उल्लिखित न्यूनतम योग्यताको हकमा राष्ट्रिय परीक्षा बोर्ड बाहेक अन्य बोर्डबाट परीक्षा दिएका विद्यार्थीहरूको हकमा अनिवार्य रुपमा समकक्षता लिइ पेश गर्नुपर्ने।<br><br>इ) प्रवेश परीक्षा उत्तीर्ण भई भर्ना हुन आउने आवेदकहरूले भर्ना हुने बेला अनिवार्य रुपमा स्थानान्तरण (Migration) प्रमाणपत्रको सक्कल पेश गर्नुपर्नेछ।<br><br>माथि जे सुकै लेखेको भए तापनि हाल कक्षा ११ वा सो सरह उत्तीर्ण गरी कक्षा १२ मा अध्ययन सकी अन्तिम परीक्षा दिन बाकी रहेका वा अन्तिम परीक्षा दिई परीक्षाफल प्रकाशित नभएका विद्यार्थीहरूले समेत प्रवेश परीक्षामा आवेदन दिई सहभागी हुन सक्नेछन्। त्यसरी सहभागी आवेदकलाई प्रवेश परीक्षा उत्तीर्ण गरेको खण्डमा अन्तरिम भर्ना Provisional Admission गर्न सकिनेछ। यद्यपि रजिस्ट्रेशन फारम भर्ने बेलासम्ममा माथि उल्लिखित न्यूनतम योग्यता पुगेकाले मात्र भर्ना हुन योग्य मानिनेछ। |

**५. फारम सम्वन्धी व्यवस्था:** प्रवेश परीक्षाको आवेदन लिनका लागि विश्वविद्यालयले छुट्टै प्रवेश परीक्षा सम्बन्धी फारम विकास गरी वि.पि.ए.एम. तहको भर्ना खुलाएको सूचना प्रकाशित गरे सँगै इच्छुक आवेदकहरुको पहुँच हुने गरी उपलव्ध गराउनु पर्नेछ। साथै विश्वविद्यालयको बेबसाइटमा प्रविष्ट (अपलोड) गरी अनलाइन उपलव्ध गराइने छ।

## परिच्छेद ३

## प्रवेश परिक्षा सञ्चालन

**६. प्रवेश परीक्षा सञ्चालन गरिने मिति, समय र माध्यमः** (१) आवेदकहरूले परीक्षा फारम भर्ने म्याद सकिएपछि समितिको सिफारिसमा डीनको कार्यालयले प्रवेश परीक्षा लिने मिति र समय तोकी छुट्टै सूचना प्रकाशित गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मिति र समयमा आवेदकहरूले अनिवार्य रूपमा उपस्थिति जनाई प्रवेश परीक्षामा सहभागी हुनुपर्नेछ।

(३) साधारणयता आवेदकले विश्वविद्यालयले तोकेको परिसर भित्र नै उपस्थित भई प्रवेश परीक्षामा सहभागी हुनु पर्नेछ।

(४) विशेष परिस्थितिमा विश्वविद्यालयको अनुकूलताका आधारमा आवेदकलाई अनलाइन माध्यमबाट पनि प्रवेश परीक्षा लिन सकिनेछ।

(५) अनलाइन माध्यमबाट परीक्षा लिने भएमा आवेदकलाई छुट्टै परीक्षा सम्बन्धी अनुशिक्षण तथा विधि बारे जानकारी गराइनेछ।

**(७) प्रवेश परीक्षा मूल्याङ्कनः** प्रवेश परीक्षामा कूल १०० (सय) पूर्ण अङ्कभारलाई (क) फारम र पूर्व अध्ययनका उपलब्धीहरूको लागि २० अङ्क, (ख) परीक्षाको लागि ८० अङ्क निर्धारण गरी निम्नानुसारको परीक्षा विधि तय गरी वर्गीकरण तथा मूल्यांकन गरिनेछः –

| क्र.सं. | मूल्याङ्कनको विषय/ प्रारुप | मूल्याङ्कनको आधार | अङ्क भार |
|---|---|---|---|
| १. | फारम र पूर्व अध्ययनका उपलव्धीहरु | माध्यमिक तहको बोर्ड परिक्षा (+२)मा हासिल गरेको अङ्क/ग्रेड | १० |
| | | माध्यमिक तह Grade 10 मा हासिल गरेको अङ्क/ग्रेड | ५ |
| | | माध्यमिक तहमा अतिरिक्त क्रियाकलापमा जनाएको सहभागिता र पुरस्कार | ५ |
| | | **जम्मा** | २० |
| २. | लिखित परिक्षा | क) सार्वजनिक प्रशासन तथा व्यवस्थापनसंग सम्वन्धित विषयमा २ वटा लामो प्रश्नको प्रति प्रश्न २० अङ्क र छोटो ४ वटा प्रश्नको प्रति प्रश्न ५ अङ्कको प्रश्नहरुको विषयगत परिक्षा लिने<br>ख) चारवटा विकल्प भएका उत्तर मध्ये एक वटा छान्नु पर्ने गरि २० वटा प्रश्न प्रति प्रश्न १ अङ्कको प्रश्नहरुको वस्तुगत परिक्षा लिने | ८० |
| | | **जम्मा** | ८० |

| | | **कुल जम्मा** | १०० |
|---|---|---|---|

**८. लिखित परीक्षाको विषयवस्तुः** कुल ८० अङ्क भारको लिखित परिक्षाका लागि अनुसूची वमोजिमको पाठ्यक्रमका आधारित प्रश्न तयार गरिने छ। यो अनुसूचि विषय समितिले परिमार्जन गरी डीनबाट स्विकृत गराई कार्यान्वयन गराउन सक्नेछ।

**९. प्रवेश परीक्षाको विधि :** लिखित परीक्षाका लागि आवेदन दिएका सम्पूर्ण आवेदकहरुलाई सहभागी गराई निर्देशन-७ अनुसारको परीक्षा विधिका बारेमा र निर्देशन-८ मा उल्लिखित पाठ्यक्रममा आधारित रही परीक्षण संवन्धी अनुशिक्षण दिए पछि मात्र लिखित परीक्षा सञ्चालन गरिनेछ।

**१०. लिखित परीक्षाको प्रश्नावलीको ढाँचा :** प्रवेश परीक्षाका लागि निम्नानुसारको प्रश्नावली र अंकभार रहने गरी परीक्षा सञ्चालन गरिनेछ :-

| **क्र.सं.** | **प्रश्नावलीको प्रकार** | **प्रश्नावलीको संख्या** | **अङ्क भार** |
|---|---|---|---|
| १. | वस्तुगत | चारवटा विकल्प भएका उत्तर मध्ये एक वटा छान्नु पर्ने गरि २० वटा प्रश्न<br>नोट: बस्तुगत परिक्षामा प्रतेक सही उत्तरका लागि अंङ्क एक प्राप्त हुनेछ भने गलत उत्तरका लागि ०.२५ अङ्क घटाइनेछ। | २०*१ = २० |
| २. | विषयगत | लामो प्रश्न तिन मध्ये कुनै दुई | २*२०= ४० |
| | | छोटो प्रश्न पाँच मध्ये कुनै चार | ४*५= २० |
| | | **जम्मा** | **८० पूर्णाङ्क** |

*विषयगत प्रश्न मध्ये कम्तिमा पनि कुनै एक प्रश्नको उत्तर अनिवार्य रुपमा नेपाली भाषामा दिनुपर्ने गरी पूर्व सूचित गरिनेछ।

**११. लिखित परीक्षाको समयः** (१) विश्वविद्यालयले तोकेको परिसर मै आवेदक उपस्थित भई परीक्षा सञ्चालन हुँदा परीक्षाको लागि आवेदकलाई वस्तुगत र विषयगत दुवैका लागि गरी ९० मिनेट (डेढ घण्टा) समय दिइनेछ।

(२) परिक्षा शुरु भएको १५ मिनेट पछि आउने आवेदकलाई परीक्षामा सामेल गराइने छैन। परीक्षा शुरु भए पछि नसकिदासम्म परिक्षार्थीलाई हलबाट बाहिर जान दिइने छैन। परिक्षा सकिए पछि उत्तरपुस्तिका र प्रश्नपत्र दुबै संलग्न गरी बुझाउनु पर्ने छ।

(३) अनलाइन माध्यमबाट परीक्षा सन्चालन हुने भएमा प्रश्न पत्र पढ्न, उत्तर लेख्न र उत्तर पुस्तिकालाई पिडिएफ (pdf) ढाँचामा रूपान्तरण गरी तोकिएको गन्तव्यमा प्रविष्ट (अपलोड) गर्न समेत गरी जम्मा १२० मिनेट (दुई घण्टा) समय दिइनेछ।

(४) आफै आफ्नो उत्तर लेख्न/टाइप गर्न असमर्थ भएको प्रमाणित भएका अपाङ्गता भएका आवेदकका लागि उपदफा (१) र (३) मा दिइएको समयमा अतिरिक्त ४५ मिनेट थप समय दिइनेछ।

**१२. सहजिकरण गर्नेः** अनलाइन माध्यमबाट परीक्षा सञ्चालन गर्दा आवेदकलाई पर्न सक्ने प्राविधिक कठिनाइ, विद्युत आपुर्तिमा हुन सक्ने समस्या लगायतको काबु बाहिरको परिस्थितिलाई सहजिकरण गर्नका लागि प्रवेश परीक्षाको सञ्चालनका दौरान छुट्टै सम्पर्क व्यक्ति तोकी सहजिकरण गरिनेछ।

**१३. जानकारी गराउनेः** परीक्षा सम्पन्न भएपछि उत्तीर्ण भएको खण्डमा आवेदकले भर्ना प्रक्रिया सम्बन्धमा गर्नुपर्ने कार्यहरूका बारेमा सामान्य जानकारी गराइनेछ ।

## परिच्छेद ४

## नतिजा प्रकाशन

**१४. प्रवेश परीक्षाको नतिजा :** परीक्षा सम्पन्न भएको सात दिन भित्र (एक साता भित्र) प्रवेश परीक्षाको नतिजा डीन कार्यालयबाट प्रकाशन गरिनेछ ।

**१५. योग्यता क्रम अनुसारको नतिजा प्रकाशन गर्नेः** प्रवेश परीक्षाको परीक्षाफल प्रकाशित गर्दा आवेदकहरूले लिखित परीक्षामा प्राप्त गरेको अङ्क तथा माध्यमिक तहको कक्षा १० र १२ कक्षाको शैक्षिक उपाधि हासिल गरेको प्राप्ताङ्क समेतका आधारमा समितिले नतिजा तैयार गरी डीनबाट प्रमाणित गराई प्रकाशन गर्नेछ। कम्तिमा ४० प्रतिशत अंक ल्याउन सफल आवेदक भर्नाका लागि योग्य हुनेछन।

**१६. अन्तरवार्ताको व्यवस्था:** प्रबेश परीक्षामा भर्नाको लागि योग्यताक्रममा रहेका आवेदकलाई भर्ना हुनु अगाडि अन्तरवार्ता लिइनेछ। योग्यताक्रममा रहेकै आधारमा विवि भर्ना लिन बाध्य हुने छैन।

**१७. भर्नाका लागि विशेष व्यवस्था:** प्रबेश परीक्षामा भर्नाको लागि योग्यताक्रममा रहेका आवेदकहरुमध्ये न्युनतम ५० अंक ल्याउने दलित, महिला र अन्य सिमान्तकृत समुदायका आवेदकहरुलाई योग्यताक्रमको जुनसुकै स्थानमा रहेको भए पनि भर्नाका लागि प्रार्थमिकता दिइनेछ। निजहरुको लागि छात्रवृत्ति सहित आवश्यक्ता अनुसार अन्य व्यवस्था पनि गरिनेछ। सो को लागि संवन्धित निकाय र संघसंस्थाहरुसंग समन्वय गरिनेछ।

**१८. अन्तरिम भर्नाको लागि नतिजा मान्य हुनेः** माथि निर्देशन १५ बमोजिम प्रकाशित नतिजा अनुसार हाल कक्षा ११ वा सो सरह उत्तीर्ण गरी कक्षा १२ मा अध्ययन सकी अन्तिम परीक्षा दिन बाँकी रहेका वा अन्तिम परीक्षा दिई परीक्षाफल प्रकाशित नभएका आवेदकले प्रवेश परीक्षा उत्तीर्ण गरेको खण्डमा त्यस्ता आवेदक भर्ना प्रयोजनका लागि योग्य मानिनेछन् । त्यस्तो भर्ना अन्तरिम भर्ना (Provisional Admission) हुनेछ र भर्ना रजिष्ट्रेशन फारम बुझाउने बेला सम्ममा पूर्व निर्धारित न्यूनतम योग्यता सहित परिक्षा उतीर्ण नगरेमा स्वतः यस शैक्षिक सत्रको लागि त्यस्तो भर्ना अमान्य हुनेछ ।

## परिच्छेद ५

## विविध

**१९. बचावः** (१) विध्यार्थी भर्नाका संवन्धमा यो भन्दा अघि गरिएका कार्यहरु यही निर्देशिका बमोजिम् भए गरेको मानिने छ।

(२) अघिल्लो शैक्षिक सत्रमा आवेदन दिएका आवेदकहरु मध्ये प्रवेश परीक्षा उत्तीर्ण गरी अन्तरिम भर्ना (Provisional Admission) भए तापनि विविध कारणले तत् तत् बोर्डको परीक्षा उत्तीर्ण गर्न नसकेका वा अन्य काबू बाहिरको परिस्थिति परी भर्ना प्रक्रिया पुरा गर्न नसकेका आवेदकको हकमा पुनः प्रवेश परीक्षाको लागि आवेदन दिन र परीक्षामा सहभागी हुनु पर्ने छैन। त्यसरी छानिएको आवेदकको हकमा अघिल्लो वर्ष तय गरेको मापदण्ड नै लागू गरिनेछ ।

**२०. प्रवेश परीक्षा सन्चालनः** (१)यस निर्देशिका बमोजिम समितिले प्रवेश परीक्षा सन्चालन गर्नेछ। परिक्षा संचालनका लागि आवश्यकता अनुसार समितिले डीनको स्विकृतिमा विषय वीज्ञलाई संलग्न गराउन सक्ने छ।

(२) परीक्षा संचालन गर्नका लागि परीक्षा समितिको सिफारिसमा डीन कार्यालयबाट आवेदकको संख्याको आधारमा एक वा एक भन्दा वढी परीक्षा केन्द्र, केन्द्र प्रमुख, निरीक्षक र उत्तर पुस्तिका परीक्षक तोक्ने छ।

(३) प्रश्नपत्र बनाउदा र उत्तर पुस्तिका परीक्षण गर्दा तोकिएका परीक्षकले उच्च गोपनियता कायम गर्नु पर्नेछ।

(४) परिक्षा संवन्धी कार्यमा आवश्यक गोपनियता राख्नु पर्नेछ। सो **को दायित्व परीक्षा संवन्धी कार्यमा संलग्न सबै पदाधिकारी एबं कर्मचारीको हुनेछ।**

(५) प्रवेश परीक्षा संचालन संवन्धमा यो निर्देशिकामा उल्लेख भए बाहेक कुनै कार्य गर्नु पर्ने भएमा परीक्षा समितिले गर्ने छ। सो को जानकारी डीनलाई गराउनु पर्ने छ।

**२१. व्याख्या गर्ने अधिकारः** यस बि. पी. ए. एम. तहको प्रवेश परीक्षा सम्बन्धी निर्देशिका, २०८० को व्याख्या गर्ने अधिकार प्राज्ञिक परिषदलाई हुनेछ ।

**२२. बाधाअड्काउ फुकाउनेः** यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै बाधा-अडकाउ परेमा सो फुकाउने अन्तिम अधिकार प्राज्ञिक परिषदलाई हुनेछ ।

## अनुसूची

### MUMAT को परिक्षा सम्वन्धी पाठ्यक्रम

**A) General Principles of Public Administration and General Concept of Governance - (25 Marks)**

> Concept and Importance of Public Administration
> Fundamental principles of Governance
> Society, Governance and Public Administration

**B) Governance Practices in Nepal- (20 Marks)**

> Constitutional provisions of Governance
> Knowledge of basic Public Service Delivery ( Federal, Provincial and Local level government)
> Local Government and its Administration
> General Concept of Management
> Basic Knowledge of Business Practices
> Knowledge on Special Protection provisions for Women, Dalit, Children and Other Vulnerable and Marginalized Community of Nepal

**C) Research and Basic Economics - (20 Marks)**

> Basic Mathematics
> Data Collection
> Concept of basic economics
> Basic knowledge on country’s economy

**D) ICT and Writing Skill - (15 Marks)**

> Knowledge of Computer application and information technology
> Writing Skill (English)
> Writing Skill (Nepali)

**नोट:** माथि अनुसूचीमा उल्लिखित पाठ्यक्रम यो शैक्षिक सत्र २०८०/८१ को प्रवेश परीक्षाको लागि लागू हुनेछ। यो पाठ्यक्रम समितिले आवश्यक्ता अनुसार परिमार्जन गरी डीनको स्विकृतिमा लागु गर्न सक्ने छ।